# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक


वर्ष-५ | अंक-११ | २०७७ असोज १४ गते बुधबार | 30 September 2020 Wednesday | मूल्य रू. १०/-


## कोरोनाले शैक्षिक क्षेत्र समस्यामा

**मिसन न्यूज**

**कालिकोट**

कोरोना भाइरसको बढ्दो संक्रमणले शैक्षिक क्षेत्रमा तिव्र प्रभाव पारेको छ । शैक्षिक क्षेत्रमा देखा परेका समस्या सामाधनका लागि जिल्लाका सरोकारवाला निकाय यतिवेला जागेका छन् । कोभिड पुर्वतयारी तथा प्रतिकायका लागी जिल्ला स्थरिय शैक्षिक अनुगमन गरिएको छ । युनिसेफ नेपालको सहयोग र किर्डाक नेपालको सहजिकरणमा जिल्लाको खाँडाचक्र नगरपालिका वडा नम्बर ७ पिलीको कालिका माध्यामिक विद्यालयमा जिल्लाको शैक्षिक सरोकार वालाहरुले मंगलबार अनुगमन गरेका हुन । लकडाउनको अवस्थामा बालवालिकाले घरमै शैक्षिक सामाग्री सिकोन भनी किर्डाक नेपालले दिएको इसिडि देखी कक्षा ३ सम्मका बालवालिका हरुको लागि सिकाई सहजिकरण सामाग्रि प्रयोग, र विद्यालयमा बनाएको क्वारेन्टाइनको अवस्थावारे सरोकार वालहरुले अनुगमन गरेका छन । कोरोनाले गर्दा अझै पनि त्रास कायम रहेको अभिभावले बताएका छन् ।



कालिकोट पचालझरना गाउँपालिकाको विद्यालयमा सहभागी विद्यार्थी । तस्विर : मिसन न्यूज

खाँडाचक्र नगरपालिका उप प्रमुख विजया विस्ट, शिक्षा विकास तथा समन्वय ईकाइ कालिकोटका प्रमुख महेशदत्त देवकोटा, किर्डाक नेपालका संयोजक तुलाराम पाण्डे, खाँडाचक्र नगरपालिका वडा नं ७ का वडाध्यक्ष रजबहादुर मल्ल, कालिका माध्यमिक विद्यालयका प्रअ पंखबहादुर मल्ल, पत्रकारहरुको सहभागितामा अनुगमन गरिएको थियो ।

बाँकी ८ पेजमा.....

## दशैंको मुखमा धमाधम भारत

**मिसन न्यूज**

**सुर्खेत**

दशैंको मुखमा यूवाहरु धमाधम भारतर्फ लागेका छन् । रोजगारीको लागि उनिहरु भारततर्फ लागेका हुन् । विगतका वर्षहरुमा असोज लागेपछि गाउँघरमा मानिसहरुको चहलपहल बढ्न सुरु हुन्थ्यो । भारत तथा अन्य तेस्रो मुलुकमा पसिना बगाउन गएका हजारौं नेपाली स्वदेश फर्कीन्थ्ये । तर यो बर्ष ठिक उल्टो भएको छ । विश्वभर माहामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९)को संक्रमणको जोखिमलाई ध्यानमा राखेर गएको चैत्र बैशाखमा स्वदेश फर्कीएका हजारौं नेपाली फेरी परदेश नै फर्कीन थालेका छन् । असोज लागे सँगै नेपालीहरुका महान चाडहरु दशै तिहार नजिकिए पनि रोजगारीको लागि परदेश लागेका हुन । हाल दशै तिहारको लागि घर फर्कीनेको संख्या भन्दा तिन गुणा बढि मानिसहरु विदेशीरहेका छन् । कोरोनाका कारण लामो समय सम्म गाउँघरमा बेरोजगार बस्दा घर परिवार चलाउन मुस्किल भएकाले चार्डवाडको समयमा भारत जानु परेको दैलेखको भैरवी गाउँपालिका-२का चेतन भण्डारीले बताए । भारतको गुजरात जाँदै गर्दा सुर्खेत बसपार्कमा भेटिएका भण्डारीले यसपालीको दशै तिहारमा घर फर्कीन नसक्ने बताए ।



भण्डारी सँगै एउटै शहरमा काम गर्ने रामबहादुर थापा, जनकबहादुर थापा लगायत १०, १२ जनाको टोली यस अघि नै भारतको गुजरात पुगिसकेको उनको भनाई छ । 'घर परिवार भारतकै रोजगारीबाट चलेको छ,' उनले भने, 'यसरी लामो सयम सम्म गाउँघरमा खाली बस्दा ऋण समेत लागेको छ । घर परिवारको लागि आवश्यक समाग्री किन्न मुस्कील भएको छ ।' अब एक वर्ष सम्म भारतमै बसेर पैसा कमाएर आएर नेपालमा नै केहि गर्ने योजना रहेको उनले सुनाए । उनी जस्तै सुर्खेतको बसपार्कमा दैनिक सयौंको संख्यामा भारतजाने मानिसहरु भेटिन्छन् ।

कोरोनाकै माहामारीमा स्वदेश फर्कीएका दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-८का झलकबहादुर शाही पनि भारत जाने तयारीमा छन् । १५, २० जनाको समूह यस अघि नै गइसकेकाले आफु पनि अब एक दुई दिनमा जाने हुनेको भनाई छ । उनीहरु जस्तै कोरोनाको माहामारीमा हजारौंको संख्यामा स्वदेश फर्कीएका मानिसहरु त्यसरी नै पुन फर्कीरहेका छन् । कानुन मन्त्रालय कर्णाली प्रदेशका अनुसार नेपालामा लकडाउन भएयता कर्णाली प्रदेशको प्रमुख नाका बबईबाट मात्रै ७० हजार भन्दा बढि मानिसहरु भारतबाट फर्कीएका छन् भने दुई हजार भन्दा बढि तेस्रो मुलुकबाट फर्कीएका छन् ।

## बाढी पीडितलाई राहत

हुम्ला-नेपाल रेडक्रस सोसाईटी हुम्ला शाखाले अदानचुली गाउँपालिका-५ बाढी पीडितलाई राहत वितरण गरेको छ । रेडक्रस सोसाईटी हुम्ला जिल्ला शाखाले १३ घर परिवारलाई प्रतिघर २० हजार रुपैया बराबरको राहत सामग्री वितरण गरिएको हो । रेडक्रसले प्रत्येक घरलाई १ थान त्रिपाल,२ थान कम्बल,२ थान धोती, १ सेट विद्यालयको पोषाक १ थान भाडाँसेट बल्टिन



वितरण गरेको वरिष्ठ कार्यालय सहायक छिरिङ पाल्देन लामाले जनाकारी दिए ।अदानचुली गाउँपालिकामा जायजेथा गुमाएका बाढी पीडितलाई जिल्ला रेडक्रस सोसाईटी केन्द्रिय तर्दथ समितिका केन्द्रिय सदस्य तथा जिल्ला रेडक्रस सोसाईटी हुम्ला शाखा समितिका मन्त्री छपालदोर्जी लामाले हस्तान्तरण गरेको वरिष्ठ कार्यालय सहायक छिरिङ पाल्देन लामाको भनाई छ । यस्तै कर्णालीका विभिन्न जिल्लाममा पनि बाढी पीडितलाई राहत वितरण गरिएको छ ।

## सप्ताव्यापी कार्यक्रम

**सुर्खेत-** सुर्खेत महिला जेसीज वर्ष २०२० ले वार्षिक कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यतालिका सार्वजनिक गरेको छ । असोज १६ (शुक्रबार) देखि सञ्चालन गर्न लागिएको कार्यक्रम सप्ताव्यापी रुपमा सञ्चालन गर्ने कार्यतालिका सार्वजनिक गरेको हो । सप्ताहव्यापी कार्यक्रमको पहिलो दिन उद्घाटन गर्ने र लगत्तै बाढी पहिरो विस्तापितहरुलाई स्वास्थ्य सामग्री प्रदान गरिने सुर्खेत महिला जेसिजका अध्यक्ष प्रमी शाक्यले जानकारी दिइन् ।

उनकाअनुसार १७ गते वक्तृत्वकला प्रतियोगिता, १९ गते उद्घोषणकला तालिम, २१ गते मानव सेवा आश्रममा दन्त शिविर सञ्चालन गरिनेछ । यस्तै, २३ गते महिलाहरुका लागि प्याड बनाउने तालिम र २४ गते नारी सम्मान तथा समापन गर्ने कार्यतालिका रहेको शाक्यको भनाई छ । विश्व नै कोरोना भाइरसबाट आक्रान्त बनेको बेला कार्यक्रम सञ्चालन गर्दा भिडभाड नगर्ने, सामाजिक दुरीको पालना गरेर स्वास्थ्य र सर सफाईका सबै मापदण्ड अपनाइने शाक्यले उल्लेख गरिन् ।

# सम्पादकीय...

## अनुगमनको आवश्यकता

कोरोना कहरको झमेलाले पटक-पटकको ‘लकडाउन’ र निषेधाज्ञाका कारण बन्द भएको बजार बल्लतल्ल राम्ररी खुल्दै छ । मुलुकमा कोरोना भाइरसबाट सक्रिय संक्रमितको संख्या २५ हजार पुगेमा फेरि लकडाउन गर्नुपर्ने स्वास्थ्य मन्त्रालयको भनाइले बजार पुनः बन्द होला कि भन्ने आम आशंका छ । यही बेला दसैं, तिहार, नेपाल संवत्, छठजस्ता मुलुकका प्रमुख चाडहरू सामुन्नेमा छन् । सामान्य अवस्थामा त यो याममा मूल्यवृद्धि र कालोबजारी बढी हुने गर्थ्यो । यसपटक त कतिपय व्यापारीहरूलाई कोरोना महाव्याधि एउटा बहाना नै बनेको छ । राष्ट्र बैंकले मुद्रास्फीति दर जति तोके पनि आम मानिसले महसुस गर्ने महँगी त्यतिमै सीमित छैन । कतिपय दैनिक उपभोग्य वस्तुहरूको भाउ बेपत्तै बढेको छ । अत्यावश्यक वस्तुको मूल्य एक वर्षमा किलोमै ३७ रुपैयाँसम्म बढेको पाइएको छ । वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले ४२ खुद्रा पसलको निरीक्षणपछि तयार पारेको मूल्य विश्लेषण आतेसलाग्दो छ ।

सबभन्दा बढी दाल, गेडागुडी र खाने तेलको भाउ बढेको छ । यस्तै, हरियो तरकारीको बजार मूल्य त्यत्तिकै अकासिएको छ । पछिल्लो समय भारतले निर्यातमा रोक लगाएसँगै प्याजको मूल्य ह्वात्तै बढेको छ । थोक भाउ दुई दिनमै दोब्बर बन्दा पनि कति व्यापारीले लुकाउन छाडेनन् । प्रशासनले ठूलो परिमाणमा लुकाइएको प्याज बरामद नै गरेको छ । यसरी विभिन्न वस्तुको मूल्य बढ्नुमा स्वाभाविक कारण कम र व्यापारीको चलखेल तथा मनोमानी बढी हुने गरेको पाइन्छ । यसबीचमा लकडाउनले ढुवानी समस्या हुँदा केही असर परेको होला, तर जुन ढंगले भाउ बढेको छ, त्यो औचित्यपूर्ण देखिँदैन । अनियन्त्रित मूल्यवृद्धि तथा कालोबजारी रोक्न व्यापारीहरूले अनुशासित र मर्यादित व्यवसाय गर्नुपर्छ भन्ने आदर्श कामनाले मात्र पुग्दैन, उपभोक्ता उत्तिकै चनाखो हुनुपर्छ  र सरकारले पनि आफ्नो अनुगमन प्रणालीलाई बलियो बनाउनुपर्छ । चाडपर्वको मौका छोपेर हुन सक्ने महँगी र कालोबजारी, मिसावट, गुणस्तरहीन सामान बिक्री, कृत्रिम अभाव, सार्वजनिक यातायातमा बढी भाडा असुलीजस्ता गैरकानुनी गतिविधि नियन्त्रण, बजार अनुगमन र संलग्नलाई दण्ड-जरिवाना गर्न काठमाडौं प्रशासनले तीनवटा छुट्टाछुट्टै संयन्त्र गठन गरेको छ । एउटा टोलीले खाद्यान्न अनुगमन गर्ने, अर्कोले लामो दूरीका सवारीमा टिकट तथा भाडा र यस्ता बस सञ्चालन गर्दा स्वास्थ्य मापदण्ड पालना गरे-नगरेको हेर्ने र तेस्रोले लत्ताकपडा, मास्क, सेनिटाइजर बिक्री-वितरणको अनुगमन गर्ने बताइएको छ । सहायक प्रजिअहरूले नेतृत्व गर्ने यी टोलीले कसैले गल्ती गरेको भेटेमा संलग्न व्यक्ति तथा संस्थालाई तत्कालै अनुसन्धान तथा कारबाहीको दायरामा ल्याउने पनि भनिएको छ ।

### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई  स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

# धमाधम सडक अनुगमन

**मिसन न्यूज**
**कालिकोट**

जिल्लाको पलाँता गाउँ पालिका अध्यक्ष लक्ष्मण बहादुर बमले सडकको अनुगमन गरेका छन् । लामो समयपछि कोरोना महामारीका कारण अध्यक्ष बमले गाउँका सडक अनुगमन गरेका हुन् । अध्यक्ष बमसँगै निमित्त प्रमुख प्रशासकीयअधिकृत राजबहादुर बम, ७ नम्वर वडाका अध्यक्ष बर्ज बहादुर बम ९ का अध्यक्ष टक्क बहादुर बम संन्चारकर्मी तथा प्रेस संघठन अध्यक्ष भरत राज बिष्टले सडको अनुगमन गरेका हुन् । साथै प्रेस संघठन सचीव अर्जुन भट्टराई लगाएतको टिमले पलाँता ७ र ८ मा अनुगमन गरिएको र योजनामा सन्तोसजनक काम भएको बताइएको छ। सवै सडक  योजना हरु अनुगमन गरेका हुन् । दुदेसिल्लो माबी बेर्सैनकोटमा निर्माणाधिन फिल्ड, ठुलामाडथान, रेडियो पलाँता आवाज भवनसंगै  पारौटी सिचाइ कुलो ऐडिबाडा थान लगाएतका योजना अनुगमन गरिएको जनाइएको छ । पलाँता का सवै वस्तीहरुमा आगामी वर्षमा सडक संजालको पहुँच पगाउँने तयारी समेत रहेको अध्यक्ष बमले बताएका छन् । निमित्त प्रमुख प्रशासकीय अधिकृत बमले जानकारी दिए अनुसार सवै योजना सन्तोस जनक रहेका छन् । पलाँता गाउँ पालिकाले अहिलेसम्म शिक्षा, कृषि, बिधुत, सडक, खानेपानी लगाएतका योजना लाई प्राथमिकता दिएको अध्यक्ष बमले जानकारी दिए ।



### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा  अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो । संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ । वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे  (  Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

वन रोपौं,वन जोगाऔं

# जातीय उत्पीडन भित्र समृद्ध कर्णालीको आशा



**मेहल पार्की**

मेहल पार्की दलित समुदायका सदियौंदेखि जातीय भेदभाव र छुवाछुतको वहिष्करणमा पारिएकोछ । कणालकिा दलितहरुको सामाजिक, आर्थिक, राजनीतिक र शैक्षिक तथा स्वास्थ्य अवस्था ज्यादै दयनीय छ । अझ घातक पडिा भनेको जातीय अहङ्कारवादमा आधारित छुवाछुत प्रथा हो । जातीय विभेदले समाजलाई चिराचिरा पारेको छ । घरबार त्यागेर भारत पलायन भएका छन् । एउटै समाजभित्र कसैलाई शुद्र( अछुत) त कसैलाई पवित्र (उच्च) मानिएको छ । कर्णालीमा अझै जातीय भेदभावको पराकष्टठ छ । गाउ बस्ती चोखा बाडा र डुम बाडामा बिभाजित छन्। चोखा अर्थात कथित उपल्ला जात,डुम अर्थात कथित तल्लो जात, दमाई कामी र सार्की । चोखा बाडामा बसनेलाई चोखाबाडी र डुमबाडामा बस्नेलाई डुमबाडी भनिने चलन अहिले पनि यथावतै छ ।

कर्णालीमा बसोबास गर्ने अन्य जातिजत्तिकै बसोबासको इतिहास बोकेको दलित समुदाय स्थानिय श्रोत साधन प्रयोगको अधिकारबाट सँधै बञ्चीत हुदै आएका छन । साथै तथ्यांक केलाउदा स्थानीय श्रोत साधनमाथि दलितको पहुँच देखिदैन । स्थानीय श्रोत साधनको पहुँ देखि राज्यले दिने सेवा सुविधामा बञ्चतिकरणमा पर्दै आएका दलित समुदायको हालत संघीय लोकतान्त्रीक गणतन्त्रमा पनि बदलिन नसक्नु ठूलो विडम्वना हो । अशिक्षा अभाव र गरीविका कारण विगत देखि पीडित हुदै आएको,अथाह अन्यायका कथाहरु न्याय नपाई समाजले दबाउदै आएकोछ, जुनक्रम अहिले पनि रोकिएको छैन । दलित भएकै कारण समाजमा अपमानीत हुनुपर्ने अन्याय सहनु पर्ने जस्ता अमानवीय व्यबहारहरु अहिले पनि भइरहेकै छन् । यो प्रदेशको जम्मा जनसंख्याको हिसावमा कामी १५.९५,सार्की २.५ र दमाई/ढोली ४.०५ गरी झण्डै २३ प्रतिशद एक्लै बाहुल्यता दलित समुदाय रहेको छ । जातिय रुपमा सबै समुदायको जनसंख्यालाई अलग गरि हेर्ने हो भने कर्णली प्रदेशको जम्मा जनसंख्यामा दलित समुदायको जनसंख्या सबै भन्दा बढी रहेको छ । जुन राजनीतिक निर्णाक संख्या पनि हो । त्यसै गरि कर्णाली प्रदेशमा रहेको जम्मा खेतियोग्य जमीनको स्वामित्वमा दलितहरुको स्वामित्व हेर्ने हो भने पाँच प्रतिशत पनि छैन, तर जम्मा खेतियोग्य जमीनमा ८० प्रतिशद श्रम दलित समुदायले नै गरिरहेको अर्को यथार्त हो । सामुदायिक विद्यालयमा माध्यमिक तहसम्मको शिक्षा भए पनि गाँस, बाँस र कपासको निम्ती शिक्षा आर्जन गर्ने कुरा त्यति सजिलो छैन । देश दुनियाँलाई बुझ्ने उचीत शिक्षा भएन भने अन्यायको कानूनीरुपमा प्रतिकार गर्न सक्ने ज्ञान हुने कुरै भएन । विरोध गर्न सक्ने क्षामता नहुदा साथै नेपालको कानूनी उपचार प्रकृया पनि झन्झटिलो र महंगो हुनेहुदा अन्याय सहनु नै कर्णालीका दलित समुदायको नियति जस्तै बनेको छ । जातीय छुवाछुतजस्तो अत्यन्त अमानवीय र असभ्य प्रथा मान्ने र जघन्य अपराध गर्नेमा कर्णाली अग्रस्थानमा आउछ ।

२०६८ सालमा चुलो छोएको निहुँमा कालीकोटका मनविर सुनारको हत्या भयो । उनले होटेलमा चुरोट सल्काउन मात्र खोजेका थिए,स्थानीयले उनीमाथि सामुहिक आक्रमण गरे उनको ज्यान गयो । २०७५ सालमा सार्वजनिक घारा छोएको आरोपमा कालीकोटकी मना सार्की लाई हत्या भयो । उनी वडा सदस्य समेत रहेकी थिइन । स्थानीयले उनीमाथि सामुहिक आक्रमण गरे उनको ज्यान गयो । २०६८ भदौर १३ गते दैलेखका सन्त बहादुर दमाईले अन्तरजातीय प्रेम विबाह पछिसन्त बहादुर दमाईका बुवा सेते दमाईलाई माइति पक्षले कुटपिट गरि हत्या गरे । २०७७ जेठ १० गते जाजर कोटका भेरी नगर पालिका ४ राना गाएका नवराज वि.क. मल्ल थरकी युवतीसँग भएको प्रेम सम्बन्धलाई बिबाहमा परि णत गर्न रुकुम पश्चिम चौरजहारी सोती गाउँ पुगी त्यहाँ आफ्नी प्रेमीकालाई भेट्न नपाउँदै सोही गाउँका वडा अध्यक्ष,केटीका परिवार र सिंगो गाउँलेले नवराज वि.क. र उनका साथीहरु मथि आक्रमण गरे । आक्रमणबाट नवराज वि.क. सहिद ६ जनाको ज्यान गयो । कारण थियो अन्तर जातीय प्रेम सम्बन्धलाई बिबाहमा परिणत गर्न खोज्नु । कर्णालीमा छुवाछुतकै कारण हत्या भएका यी प्रतिनिधि घटना हुन् । जातीय विभेदका कारण मान्छे मारि रहेका छन् । जिउदाको जीवन पनि कठीन बनेको छ । चुलो छोउको निहुँमा, सार्वजनिक पानी पँधेरो धारा छोउको आरोपमा,अन्तरजातीय प्रेम गरेको निहुँमा, अन्तरजातीय बिबाह गरेको निहुँमा,भान्छा कोठा र भान्छा छोएको निहुँमा, कथित माथिल्लो जातीको आक्रमणबाट दलितहरु मथि निर्मम कुटपिट गरिन्छ । छुवाछुत अपराध हो भनेर सिकाउने थलो स्कूल हो । तर कर्णालीका स्कूलमै छुवाछुत छ । दलित सँग बिबाह गरे माइति पक्षको धम्की, विवाह गरेको बर्षौ सम्म आफ्नो घर जान रोक,माइति पक्षले सम्बन्धविच्छेत गराउने, आक्रमण गर्ने, छोरीलाई गाउँ प्रवेश गर्न नदिने तथा सामाजिक बहिष्कार गर्ने, अन्तरजातीय विवाह गरेकै कारण थुप्रै जोडिहरु विस्थापित जीवन विताउन बाध्य छन् ।

दलितले जन्ती र मलामी समेत पाउदैनन् । दलित भने अरुको मलामी र जन्ती जानछन् । तर कथित उपल्लो जातीका व्यक्तिले पैचो तिर्न जादैनन् । अरु जातीले दलितलाई बहिष्कार गर्दै आएका छन् । कतिपय गाउँठाउँमा कथित उपल्ला जातीहरुको मृत्यु जलाउने मसानघाटमा दलितका लाश जलाउन पाउदैनन् । धार्मिक सँस्कारका कारण पनि दलितले विभेद सहनु परेकाने छ । सार्वजनिक कार्यक्रममा पनि दलितको पहुँच छैन । दलितको नेतृत्व स्वीकार गर्न पनि समस्या देखिएको छ । धार्मिक सँस्कारका कारण दलितले विभेद सहनुपरेको छ । सरकारी तवरबाट छुवाछुत मुक्त अभियानमा लाखौ बजेट खर्च भइरहेको छ । छुवाछुत बिरुद्ध दर्जनौं गैरसरकारी सस्था पनि सक्रिय छन् । तर कणालकिा अधिकांस स्थानहरुमा दलितमाथि भान्सा छोएको, सार्वजनिक धारा छोएको, अन्तरजातीय विवाह, मन्दिर प्रवेशको निहुँमा आक्रमण रोकिएको छैन । भेदभावको प्रकृति र मात्रा फरक हुन सक्छ । सानो जातका भनिएका दलितहरुलाई हजारौं बर्ष देखिविभेद गरि दै आएको छ । दलित समुदायलाई पनि पहाडे दलित, नेवारी दलित, मधेसी दलितमा विभाजन गर्ने गरिनछ । र सबैभन्दा पीडित कर्णालीका दलित छन् । जन्मजातका आधारमा नभै कामाका आधारमा ब्राह्मण,क्षेत्री,वैश्य र शूद्र गरि चार जातमा विभाजन गरिएको हो । जन्मको आधारमा सानो जात भन्दै दुख दिने प्रथा चलाएका मात्र हुन् । कोही मानिस अशिक्षाले गर्दा जातीय विभेद हुने तर्क गर्छन् । जुन पूर्ण सत्य होइन । शिक्षाको कमी नभै हेपाह प्रवृति छुवाछुतको मुख्य कारण हो किनकी बर्षौ देखि लेखपढ विशेषाधिकार पाएको समुदायले नै अहिले विभेद गरि रहेकाछन् । डिग्री गर्नु र सबै मानिस समान हुन् भन्ने ज्ञान एउटै कुरा होइन । समाजमा अशिक्षितहरुले भन्दा शिक्षितहरुले भेदभाव दण्डनीय अपर ाध हो भन्ने जानेकाहरुले नै विभेदको र ेखा कोरेका छन् । समाजमा मानिस शिक्षित भए तर सचेत हुन सकेनन् जसका कारण अहिले पनि समाजमा छुवाछुत र विभेद कायमै छ । तर्सथ हाम्रो शिक्षा प्रणाली, सँस्कार,रीतिरिवाजमा मानिस जन्मका आधारमा सानो र ठूलो हुदैन भन्ने नैतिक ज्ञान दिन आवश्यक छ ।

विगत सशस्त्र विद्रोहको बेला जनवादी विवाह समेत अहिलेको समाजले पचाउन नसक्दा सम्बन्ध विछोट भएका दुःखत घटना सुनिन्छन् ।

दलित समुदायकी चेली र कथित उपल्लो जातको केटाको अनैतिक सम्बन्धबाट जन्मेका बालबालिका बुवाले नस्वीकार्दा कतिले नागरिकता नपाएका घटना गाँउमा छन् । जातिय रुपमा असर पर्ने खालका अपशब्द र छुवाछुतका घटनाको लेखाजोखा गर्न नसकिने गाँउमा अहिले पनि ब्याप्त छन जो गाँउभै दवाब र प्रभावमा मिलाइन्छन् । दलित समुदाय माथि कथित माथिल्लो जाति भनिने समुदायद्वारा घटाइने गरेका दर्दनाक घटना कर्णाली प्रदेशका निम्ती सन्चो नहुने घाउ जस्तै भएका छन् । जो बेलाबेला झल्की रहन्छन् । अर्को अर्थमा भन्नु पर्दा कर्णाली प्रदेशका निम्ती जातिय विभेद उकालीको बाटोमा रहेको पुरानो चौतारी जस्तो छ । जहाँ धेरै बटुवाहरु आउदा-जाँदा भारी बिसाउछन् थकान मेटाउछन् तर चौतारी जहाँको त्यही जस्ताको तस्तै हुन्छ । त्यसरी नै कर्णालीमा जातिय विभेद माथि धेरै बहस, छलफल हुदै आएका छन् । जातिय विभेदकै कारण दलित समुदायले समाजमा अपमानित भएर बाँच्नुपर्ने बाध्यता रहेको छ । कर्णालीका दलित माथि भएका कतिपय विभेद सार्वजनिक हुदैनन् भने कतिले अदालती प्रकृयामा जान खोज्दा अवरोध खेप्नुपर्छ । कर्णाली रैबारबाट साभार ।

# नाग्चेलाग्नामा सशस्त्रको बीओपी राखिँदै



मिसन न्यूज
मुगु

सशस्त्र प्रहरी बलले चीनसँग सीमा जोडिएको नाग्चेलाग्ला नाकामा बोर्डर आउट पोष्ट (बीओपी) राख्ने भएको छ । जिल्लाको पुर्वी करान भेगमा पर्ने मुगुमकार्मारोङ गाउँपालिका-२, मुगुमगाउँमा पोष्ट राख्ने तयारी भइरहेको सशस्त्र प्रहरी गुल्म मुगुले जनाएको छ । कार्यालयका अनुसार नाग्चेलाग्ना नाकाको रेखदेख गर्ने गरी मुगुम गाउँमा पोष्ट राख्ने तयारी भइरहेको हो । नाग्चेनाङ्ला नाकामा बीओपी राख्ने प्रक्रिया अन्तिम चरणमा पुगेको सशस्त्र प्रहरी बल नम्वर ४५ गुल्म मुगुका डिएसपि खुम बहादुर केसिले जानकारी दिए । केसीका अनुसार बिओपि स्थापनाको लागि गृह मन्त्रालयमा सबै कागजपत्र बुझाएको बताए ।

गृह मन्त्रालय बाट आदेश जारी भए पछि दसैंअघि वा लगत्तै मुगुको नाग्चेलाग्ना नाकाको रेखदेख गर्ने गरी मुगुमकार्मारोङ गाउँपालिका-२, मुगुमगाउँमा पोष्ट राख्ने तयारी रहने केसिले जानकारी दिए ।

पोष्ट राख्ने तयारी भएको ठाउँ समुद्री सतहदेखि करिब ३ हजार २ सय मिटर उचाइमा रहेको छ । तर दुई देश बीचको सिमा क्षेत्र नाग्चेलाग्ना नाका भने ४ हजार ९ सय मिटर उचाइमा छ । यस्तै नेपाल सरकारले देशका विभिन्न सिमा नाकामा सशस्त्र प्रहरीको सुरक्षा राखिरहेको छ । देशको सिमा सुरक्षाका लागि प्रहरी सिानामा क्षेत्रको सुरक्षामा खटिएको हो ।

सशस्त्रले मुगुगगाउँमा पोष्ट राखिसकेपछि मात्र तिन्जे र चाक्से नाकामा राख्ने योजना बनाएको छ । स्थायी रुपमा संरचना बनाउने ध्येयले जिल्लाको सुरक्षा अधिकारीहरुको टोलीले जग्गा हेरेर फर्किएका छ ।

त्यहाँ जग्गाको समस्या छैन, प्राविधिक रुपमा जहाँ उपयुक्त हुन्छ त्यही भवन बनाउन सकिन्छ, डिएसपि केसिले भने, सशस्त्र प्रहरी बलले पोष्ट राख्ने विष्यामा यस अघि नैं निर्णय गरिसकेको छ । केही दिन अघि सहायक प्रमुख जिल्ला अधिकार ी केशव ज्ञवालिको नेतृत्वमा गएको टोलिले १३ नम्बर सिमानामो अनुगमन गर्न नाक्चेलाग्नामा पुगेको थियो ।

## प्रकोप नियन्त्रणको सूचना


**मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**


**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

## सर्म्पुणमा अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**




# स्कुल लागे बालवालिका

मिसन न्यूज
कालिकोट

कोरोना कहरको लामो समयपछि कालिकोटका बालवालिका स्कुलतिर हाजिर भएका छन् । तिन महिना सम्म रेडियो बाटै शिक्षा दियौँ, केही कुरा त सुनेर मात्र हुँदैन रैछ, देख्नु पनी पर्दो र हेछ । त्यसको लागी इन्टरनेट र डिभाइस भएन, हामीले किनेर दिन पनि सकेनौं' विद्यालयका प्रधानाध्यापक हिरामणी सिम्खाडा भन्छन्, रेडियो वाहेक 'अरु कुनै विकल्प नभएपछि चाहेर पनि विद्यार्थीलाई भिजोवल मार्फत पढाउन सकेनौं ।' निरन्तरको लकडाउन र निषेधाज्ञा कारण हात बाँधेर बस्नुको विकल्प थिएन । सरकारले निषेधाज्ञा खुकुलो बनाएसँगै गाउँपालिकाले सुरक्षा मापदण्ड अपनाएर विद्यालय सञ्चालन अनुमति दियो । त्यतिमात्रै होइन, गाउँपालिकाले शिक्षक(विद्यार्थीमा संक्रमण देखिइहाले उपचार गर्छौं भनेर आडभरोसा समेत दियो । असोज ४ गतेदेखि विद्यालय सञ्चालनमा ल्याउने तयारी गरेपनी



असोज १० गते देखी संचालनमा ल्याएका छौ, प्रधानाध्यापक सिम्खाडा भन्छन्, '६ महिनापछि विद्यार्थीहरू उफ्रेको देख्दा मन पनि चंगा हुँदोर हेछ ।' अहिले अभिलेखीकरण गरेर नियमित पठनपाठन सुरु गरेका छौँ । गत वर्ष छ सय ६६ जनामा अहिले चार सय भन्दा माथी विद्यार्थि विद्यालयमा आएको प्रअ सिम्खाडाले जानकारी दिए । उनले भने, रुजोर विजोर प्रालि मार्फत पढाउन सुरु गरेका छौँ । विस विस जनाको समुहमा पढाउने गरी संचालनमा ल्याएको उनले बताए । उनीहरू पालैपालो विद्यालय जान्छन् । उनका अनुसार, कक्षा ६, ७ र ८ को लागि विहान, साढे सात देखी साढे दश वजेसम्म, कक्षा ९ र १० को दिउसो र कक्षा एक देखी पाँच सम्म पनी जोर विजोर प्रालिमार्फत पढाई सुरु गरेको छ । गत वर्ष छ सय ६६ जनामा अहिले चार सय भन्दा माथी विद्यार्थि विद्यालयमा आएको प्रअ सिम्खाडाले जानकारी दिए । उनले भने, रुजोर विजोर प्रालि मार्फत पढाउन सुरु गरेका छौँ । विस विस जनाको समुहमा पढाउने गरी संचालनमा ल्याएको उनले बताए ।

## प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल (वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

नरहरीनाथ गाउँपालिकाको कार्यालय
कालिकोट

## हाम्रो सन्देश

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं । खेती योग्य बाझोँ जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

स्वास्थ्य कार्यालय कालिकोट
कर्णाली प्रदेश, नेपाल

# हत्याराको विरुद्ध प्रर्दशन

मिसन न्यूज
कालिकोट

कालिकोट । बझाङको मष्टो गाउँपालिका -२ कि १२ बर्षिया बालिका सम्झना कामिलाई बलात्कार गरी हत्या गर्ने हत्यारालाइ फासिको माग गदै कालिकोटमा विरोद्ध प्रर्दशन गरिएको छ ।

बालिका निर्मला पन्तको हत्यारा पत्ता अझै नलागेको अवस्थामा , फेरी बझाङमा १२ वर्षिया बालिकालाई बलात्कार गरी हत्या गरीनु सरकार कै कमजोरी भएको बताए । निर्मला पन्तका हत्यारा पत्ता लागाएको भए, सम्झनाको हत्या



लिंगाशैनि युथकलवका अध्यक्ष हिक्मतजंग मल्लको नेतृत्वमा युवाहरुले हातहातमा सम्झनाको फोटो र प्यालेकाड बोकेर हत्यारालाई फासी दे, भन्दै सदरमुकाम मान्म बजारमा विरोध प्रर्दशन गरेका हुन ।

विरोध प्रर्दशन पछी मान्मको प्रतिमाचोकमा कोणसभा गरी नेता मल्लले बालिका सम्झनाका हत्यारालाई तत्काल अनुसन्धान गरी फासिको सजाय हुनु पर्ने बताए । उनले भने, १४ वर्षीय नहुने बताए । उनले भने, सम्झनाको हत्यागर्ने हत्यारालाई उन्मुक्ती दिएका फेरीपनी सडकमा आगो बाल्ने चेतावनी दिए । प्रहरिका अनुसार, सम्झनाको शरीर भरी निलडाम र टाउकोमा चोट रहेको बताइएको छ । बझाङका प्रहरी प्रमुखका अनुसार सम्झनाको सव पोष्माडमका लागि जिल्ला अस्पताल लगिएको छ। विस्तृतमा रिर्पोट आउन बाँकि छ । प्रारम्भिक रिर्पोटमा बलात्कार खुल्न आएको बताए ।

## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार सिंचाइ गरौं, उत्पादन बढाऔं। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔं, गरिबी न्यूनिकरण गरौं।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रूपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु ।
२. साझँ पख सधै ज्वरो आउनु ।
३. खाना खान मन नलाग्नु ।
४. तौल(वजन) घट्नु ।
५. खकारमा रगत देखा पर्नु । यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृर्षी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट

## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# दशैंको चहलपहल सुरू हुँदै

मिसन न्यूज
काठमाडौं

दशैं आउँदैछ, नेपालको सबभन्दा ठूलो चाड दशैं आउन महिना दिन पनि बाँकी छैन । दशैं भन्ने बितिक्कै मानसपटलमा नयाँ कपडा र माछामासुको परिकार झल्किन्छ। ठूलो जनघनत्व भएको काठमाडौं उपत्यकामा दशैंमा मासुको



प्रबन्ध सधै चटारोको बिषय हुने गर्छ । दशैंमा मासुको सुलभताका लागि हरेक वर्ष सरकार र निजी क्षेत्रले एक महिना अघिदेखि नै तयारी थाल्ने गरे पनि यो साल कोरोना महामारीका कारण झण्डै ७ महिना मुलुकका धेरै व्यापार व्यवसाय ठप्प भयो । यही कारण यसवर्ष दशैंमा मासुको जोरजाममा खासै उत्साह नभएको व्यवसायीहरु बताउँछन् । वाणिज्य विभागले गत वर्ष लिएको विवरणअनुसार काठमाडौं उपत्यकामा हुने मासुको मागमा कुखुराको मासुको हिस्सा अधिक छ। उपत्यकामा सामान्य अवस्थामा दैनिक तीनदेखि तीन लाख ५० हजार किलोसम्म ब्रोइलर कुखुराको मासु खपत हुनेको गरेको छ । यस्तै १२ सय वटा खसी मासुका लागि दैनिक काटिने पनि विभागले जनाएको छ । उपत्यकामा आठ सय वटा राँगा(भैसी, छ सय वटा बंगुर र पाँच हजार किलो माछा दैनिक खपत हुने गरेको छ। यसवर्ष कोभिड(१९ महामारीका कारण दशैंको चहल पहल कम हुँदा यो मात्राको खपत हुने सम्भावना छैन । उपत्यका र देशभरको खपतअनुसार कुखुरा, अण्डा र बंगुरमा मात्र नेपाल आत्मनिर्भर छ । माछा र खसीमा भारत निर्भर भएपनि सरकारले भारतबाट हुने खसी आयातमा रोक लगाएको छ । राँगा(भैंसी भने वर्षेनी ठूलो परिमाणमा भारतबाटै भित्रिन्छन् । कुखुराको मासुको ठूलो खपत हुने होटल, रेष्टुराँ तथा पार्टी प्यालेसहरु दशैंमा बन्द रहने तथा मानिसले खसीको मासुलाई प्राथमिकतामा राख्ने हुनाले दशैंमा कुखुराको मासु खासै बिक्री नहुने र ाष्ट्रिय कुखुरा बिक्री व्यवसायी संघ बताउँछ ।
यस वर्ष कोभिड महामारीका कारण मासुको नियमित खपतमा निकै ह्रास आएको र त्यसको मार अझै दशैंमा देखिने संघका अध्यक्ष जंगबहादुर

# कोरोना संक्रमणदर भारतमा धेरै

एजेन्सी

कोरोना महामारी विश्वका १ सय ८८ वटा मुलुकमा फैलिसकेको छ । कोरोना भाइरसबाट विश्वमा ज्यान गुमाउनेको संख्या १० लाख नाघेको छन् । विज्ञहरूले वास्तविक संख्या अझ यो भन्दा धेरै हुनसक्ने अनुमान गरेका छन् । कोरोनाको पहिलो संक्रमण झण्डै १० महिना अगाडि चीनको वुहानबाट सुरू भएको थियो । त्यसयता यो महामारी विश्वका १ सय ८८ वटा



शोधकर्ताहरूले जनाएका छन् । उनीहरूले अझै धेरै क्षेत्रमा संक्रमण तीव्र गतिमा फैलिरहेको जनाएका छन् । जोन्स हफ्किन्स विश्वविद्यालयको तथ्यांक अनुसार कोरोनाका कारण ज्यान गुमेकामध्ये झण्डै आधा संख्या अमेरिका, ब्राजिल र भारतबाट रहेका मुलुकमा फैलिसकेको छ । हालसम्म विश्वका ३ करोड २० लाख बढी मानिसलाई भाइरसको संक्रमण पुष्टि भइसकेको छ । महामारी नियन्त्रणका लागि अपनाइएका लकडाउन लगायतका सुरक्षात्मक सावधानीले विश्वका धेरै मुलुकले आर्थिक मन्दीको सामना गर्नुपरेको छ ।

# सातको भाग्यफल

| | |
|---|---|
| मेष : | विभिन्न अवसर प्राप्त भए पनि कामको मेसो नमिल्दा अलि पछि परिनेछ। अरूका लागि बुद्धि खर्चनुपर्ला। स्वास्थ्य कमजोर रहनेछ। समयको गतिलाई पछ्याउने प्रयास गर्नुहोला। सम्भावना देखिए पनि उपलब्धि हातपार्न बढी श्रम गर्नुपर्ला। |
| वृष : | छातीको समस्याले स्वास्थ्य कमजोर रहनेछ। हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। समयमा जुट्न नसक्दा आफ्नो काम रोकिन सक्छ। अरूका लागि उपयोग भइनेछ र बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्न सक्छ। |
| मिथुन : | कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन्। अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ। |
| कर्कट : | मिहिनेत परे पनि सोचेको नतिजा हातलागी नहुन सक्छ। आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। अध्ययनतर्फ धेरै समय जुट्न नसकिएला। समयमा वचन पुर्याउन नसक्ता आलोचित भइनेछ। द्विविधा बढ्नाले निर्णायक क्षमता कमजोर बन्नेछ। |
| सिंह : | बिछोडिएका परिवारजनसँग भेटघाट हुनाले दिन रमाइलो रहनेछ। नयाँ कामको प्रस्ताव आउनेछ। तर अवसरका साथ केही चुनौती पनि देखा पर्नेछन्। हठात् निर्णय गर्दा समस्या देखिन सक्छ। खानपान र भेटघाटमा सावधानी अपनाउनुहोला। |
| कन्या : | आकस्मिक खर्च बढ्नेछ भने आम्दानीका स्रोत कमजोर हुने समय छ। पछिका लागि लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ। फाइदाका लागि दोहोर्याएर प्रयत्न गर्नुपर्ला। यात्रा खर्चिलो र कष्टकर बन्न सक्छ। छिमेकमा असमझदारी बढ्नेछ, होसियारीसाथ काम लिनुहोला। |
| तुला : | आफ्नो मेहनतबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्। चिताएका काममा अलि बाधा हुनसक्छ। समय लागे पनि मिहिनेत गर्दा काम बनाउन सकिनेछ। विगतका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ। तर समयमा सजग नहुँदा आफ्नो लाभांशबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। |
| वृश्चिक : | नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ। |
| धनु : | चुनौतीभित्र अवसर खोज्ने समय छ। पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्न सक्छ। स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। आफ्ना सूचना बाहिरिने समय रहेकाले गोपनीयतामा विशेष ध्यान पुर्याउनुहोला। |
| मकर : | परिस्थितिको चक्रमा अलमलिनुपर्दा काम बन्न समय लाग्नेछ। अस्वस्थताले कमजोरीको अनुभूति हुनेछ। चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला। आकस्मिक समस्याले शरीरमा कमजोरी अनुभूति हुनेछ। चिताएको काम बिग्रनाले निराशा छाउनेछ। |
| कुम्भ : | मानसम्मान प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ। अर्थअभावले सताउन सक्छ। लोकाचारका लागि भोगविलासका वस्तु जुटाउनुपर्ला। यात्राको प्रक्रियाले खर्च बढाउन सक्छ। आफन्तबीच आत्मीयतामा कमी आउने समय छ। वादविवादले घर(गृहस्थीमा समस्या निम्त्याउन सक्छ। |
| मीन : | चुनौती अँगाल्नुपरे पनि आँटले लक्ष्यमा पुर्याउनेछ। ईर्ष्या गर्नेहरू स्वयं पछि पर्नेछन् भने कर्मयोगले भविष्यको बाटो समाउनेछ। मिहिनेतले काममा सफलता दिलाउनेछ। समस्या पन्छाएर अधिकार स्थापित गर्न सकिनेछ। दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। |

## कोरोनाले शैक्षिक ..........................

अनुगमनमा, किर्डाकले दिएका सिकाई सामागृीहरु बालवालिकाको घरमा पुगेर घरमै सामागृगि हरुको प्रयोग भइरहेको पाइएको छ। लकडाउनमा विद्यालयमा पढ्न नपाएपनी, घरमै उनिहरुले प्रयोगगात्मक शैक्षिक सामागृी प्रयोग गरुन भनेर खाँडाचक्रका केही विद्यालयलाई समागृी दिएको किर्डाक नेपालका संयोजक तुलाराम पाण्डेले बताए । उनले भने, रु७ महिना भयो विद्यार्थिले विद्यालय नदेखेको, धेरैजसो विद्यार्थिले पढ्न पाएका छैनन्। ठुला विद्यार्थिहरको लागि नसकेपनी साना बालपालिकाहरुले शैक्षिक सहजिकरण समागृीले ठुलो राहत भएको बताए । अनुगमनमा उप-प्रमुख विजया विस्टले, ६ महिनाको लकडाउनको अवधिका शिक्षकहरुले हप्तामा एकपटक भएपनी विद्यार्थिको घरमा पुगेर सहजिकरण गर्न सुझाव दिइन ।

# बमको पहलमा सौर्य बत्ति जडान



**मिसन न्यूज**
**कालिकोट**

जिल्लाको पलाँता गाउँपालिका अध्यक्ष लक्ष्मण बमले जिल्लाको जिते बजारमा सौर्य बत्ति जडान गरेका छन्। जिते बजारमा मजदुरहरुले रातको समयमा भारी बोकेर झोलुंगे पुल वारपार गर्दा सास्ती खेप्नु परेको देखेपछि अध्यक्ष बमले व्यक्तिगत रुपमा ३ लाख ५० हजार मूल्यका पाँचवटा सौर्य बत्ति जडान गरेका हुन्। सडक सौर्य बत्ति जडान गरेपछि हाटबजार क्षेत्रमा काम गर्ने मजदुरहरुले सहज भएको बताउँदै अध्यक्ष बमलाई धन्यवादसमेत दिएका छन्।

कर्णाली राजमार्गबाट कर्णाली करिडोरमा सामान पुर्याउन कर्णाली नदिमा रहेको झोलुंगे पुलको सहायताबाट मजदुरले सामान वारपार गर्ने गरेका छन्।

## स्वास्थ्य सन्देश

**उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

## बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ। साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ। पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं।

हाम्रा विशेषता

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्
- अनलाईन पत्रिका डिजाइन।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव।
- वेव तथा अनलाईनका लागि होस्टीग।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन।
- भिडियो डुकुमेन्ट्री उत्पादन।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

# विपद् जुनसुकै वेलापनि आइपर्न सक्छ, त्यसैले पुर्व तयारी र प्रतिकार्य तयारीमा राख्ने। प्रत्येक टोल बस्तीहरुमा उद्धार टोली गठन गरी आवश्यक तालिमको व्यवस्था गर्ने।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, खाँडाचक्र न.पा.१,कालीकोट, विरेन्द्रनगर.३,सुर्खेत, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत